उखु किसानको पीडा

उखु बेचेको ६ महिनासम्म पनि पाएनन् भुक्तानी

■ सौर्य समाचार

सर्लाही। उधारोमा बिक्री गरेको नगदे बाली उखुको भुक्तानी यहाँका किसानका लागि सधैंको गलपासो बन्दै आएको छ। गत याममा उद्योगलाई उखु बेचेका किसान ६ महिना भइसक्दासम्म पैसा नपाएपछि समस्यामा परेका हुन्। यहाँको धन्कौल गाउँपालिका-२ मा रहेको अन्नपूर्ण चिनी उद्योगले गत याममा उखु खरिद गरेको भुक्तानी अझै किसानलाई दिएको छैन। धन्कौल गाउँपालिका-३ निवासी कैलाश पासवानले उद्योगलाई दिएको ३०० क्विन्टल उखुको आंशिक रकम मात्र पाएको बताए।

उनले ५० कट्ठा खेतमा उखु लगाएका छन्। यसमध्ये आफ्नो २० कट्ठा र बाँकी ठेक्कामा लिएको हो। उखु बेचेको पैसा समयमा पाए समयमै ठेक्का बुझाउने उनलाई हतारो छ। कबोल गरेको समयमा ठेक्का रकम नतिरे साहुलाई ब्याज बुझाउनुपर्ने उनले चिन्ता व्यक्त गरे।

उनले भने, 'घरको सबै खर्च खेतीबाट आएको पैसाले पुऱ्याउनु पर्छ। बालबच्चाको लालनपालन, शिक्षादीक्षा, चाडपर्व सबै यही उखु बेचेर आएको पैसाबाट टार्नु छ। तर, उद्योगले हरेक वर्ष झुटो आशा देखाउँदै दुःख दिने गरेको छ।' केही समय पहिला मात्र छोरीको विवाह गरेका कैलाशले गर्जो टार्न उद्योगले पैसा नदिएपछि साहुमहाजनसँग सयकडा ३ ले ब्याजमा ऋण लिनुपरेको दुःखेसो पोखे।

उनले उद्योगबाट अझै ५६ हजार बढी रकम पाउन बाँकी छ। पाउने रकमको टुंगो नहुँदा आफूहरू उखुखेतीबाट निरास बनेको उनले बताए। उद्योगले पैसा दिनेबेला दिएको दुःख सम्झेर ४०० क्विन्टल उखु नगदमा बेचेको उनको भनाइ छ। नगदमा बिचौलियाले ३५ देखि ४० रुपैयाँ कम दाममा किनेर आफ्नो नाममा उद्योगलाई बिक्री गर्छन्। यसबाट किसानले

पाउने अनुदानबापतको रकमसमेत दुरुपयोग हुँदै आएको छ।

धन्कौल-२ का पाँचु सहनीको पनि आयआर्जनको एकमात्र उपाय खेतीपाती हो। उनी पनि ठेक्कामा लिएको खेतमा उखु रोप्ने र उद्योगलाई बेच्ने गर्छन्। तर, सुरुमा स्थानीयलाई सुविधा पुग्छ भनेर सञ्चालनमा आएको उद्योगले बारम्बार ठगेको उनको गुनासो छ। यस उद्योगले उनको २०७४ सालमा बिक्री गरेको उखुको केही भुक्तानी अझै दिएको छैन। सोही समयमा उद्योग धरासायी बन्यो।

सुरुका उद्योगपतिले उद्योग नै बेचिदिएपछि किसानले पाउनु दुःख पाएको उनले बताए। उनले भने, 'माग्न जाँदा २०७४ सालसम्मको भुक्तानी पुरानो मालिकले गर्ने हो भने, पछि विवरण फेला परेन भनेर दिँदै दिएन।' त्यसपछि आफूले रौतहट र सर्लाहीको हरिवनस्थित इन्दुशंकर चिनी उद्योगमा उखु बेचेको उनको भनाइ छ। यस वर्ष उद्योगले मिलगेट क्षेत्र तोकेर अन्यत्र काँटा नराख्ने सहमति गरेपछि बाहिरको उद्योग आएन। यसपछि आफूहरू मन नहुँदा नहुँदै बाध्य भएर अन्नपूर्णलाई उखु दिनुपरेको उनले जानकारी दिए। उनले यसपटक दिएको झन्डै ५०० क्विन्टल उखुको भुक्तानी पाउन बाँकी छ। नजिकै हरिवनमा रहेको उद्योगले उखु बिक्री गरेको १५ दिनमा भुक्तानी दिँदा आफूहरूलाई अन्नपूर्णले दुःख दिएको गुनासो गरे। अन्नपूर्ण चिनी उद्योगले सिजन २०८२/०८३ मा ३ हजार १८६ जना किसानबाट खरिद गरेको ९ लाख ९३ हजार ७५२.६७ क्विन्टल उखु क्रसिङ गरेको थियो। उखु खरिदबापत हुन आउने ६१ करोड ६१ लाख २७ हजार ६५५ रुपैयाँ मध्ये उद्योगले किसानलाई अझै २२ करोड रुपैयाँ हाराहारीमा भुक्तानी दिन बाँकी देखिएको छ।

किसानको उजुरीपछि सहायक प्रमुख जिल्ला अधिकारी होमप्रसाद घिमिरेको अध्यक्षतामा गठन गरिएको छानबिन समितिले उद्योगबाट २२ करोड रुपैयाँको हाराहारीमा किसानले भुक्तानी पाउन बाँकी रहेको प्रतिवेदन सार्वजनिक भएको थियो। यता उद्योग प्रशासनले भने दैनिक किसानको भुक्तानी गरिरहेको दाबी गरेको छ।

उद्योगका प्रशासकीय प्रमुख रमेश श्रीवास्तवले किसानको भुक्तानी बाँकी रहेको स्वीकार गरे। कात्तिक मसान्तसम्म सक्ने योजना रहेको उनले बताए। उद्योगले किसानको भुक्तानी दर्सैं अगाडि गरिसक्नेगरी काम गरिरहेको उनको भनाइ छ। तर, बाँकीमध्ये अहिलेसम्म कति रकम किसानको खातामा दाखिला भयो भन्ने तथ्यांक उनीसँग छैन।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८३/०५/२५

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८३/०५/११ मा स्वीकृती प्राप्त भई साविक कम्पनी सान्भि फिड्स एण्ड ह्याचरिज प्रा.लि. (प्रा. लि. नं. २९४५७०) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको सान्भी फिड्स प्रा.लि. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

काठ लिलाम बिक्रीको सूचना

यस समूहको बिधान तथा कार्ययोजना अनुसार संकलन गरी घाटगद्धीमा राखिएको लट नं. १ को आपूर्ति ग्रेड ए वी सी र डी को थान ३३ को गोलिया साल २१७.८८ क्युविक फिट र लट नं. २ को ग्रेड ए वी सी र डी को थान १०६ को गोलिया साल ६५२.७१ क्युविक फिट काठ समूह बाहिर बिक्री बितरण गर्न'पर्ने भएकाले इच्छुक काष्ठ व्यवसायी तथा फर्महरुले नियमानुसारको कागजातसहित यो सूचाना प्रकाशित भएको मितिले २१ दिनभित्र आबेदन दिन हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।

श्री घारे सामुदायिक बन उपभोक्ता समूह
बेलका नगरपालिका-६, उदयपुर

बोलपत्रद्वारा गोलिया काठ दाउरा लिलाम बिक्री वितरण सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित : २०८३/०५/२५

यस श्री जागृती सा.व.उ.स. दुधौलि न.पा. १४, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ७३ को ६८०.८६ क्युफिट काठ व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री जागृती सा.व.उ.स.
दुधौलि न.पा. १४, सिन्धुलि

श्री नव कोटेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कोटेश्वर, काठमाडौं

१७औँ साधारणसभामा उपस्थितिका लागि सूचना

श्री सम्पूर्ण शेयर सदस्यज्यूहरु,
उपरोक्त सम्बन्धमा यस श्री नव कोटेश्वर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औँ साधारणसभा तपसिल अनुसारको मिति, स्थान र समयमा गरिने निर्णय भएको हुँदा यहाँहरुको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ।

साधारणसभाका प्रस्तावहरु

१. अध्यक्षज्यूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनउपर छलफल तथा पारित गर्ने सम्बन्धमा,
२. कोषाध्यक्षज्यूले प्रस्तुत गर्ने वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
३. लेखा समितिको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
४. आर्थिक वर्ष २०८३/०८४ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा,
५. विनियम पुनर्लेखन गरी पारित गर्ने सम्बन्धमा,
६. कार्यविधिहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा,
७. नयाँ कार्यसमिति चयन सम्बन्धमा,
८. आव २०८२/०८३ बोनस वितरण अनुमोदन सम्बन्धमा,
९. ऋण ब्याज हर्जना छुट सम्बन्धमा,
१०. विविध

कार्यक्रम उपस्थितिका लागि

साधारणसभा सञ्चालन हुने मितिः २०८३/०६/२५ गते
स्थानः कालिन्चोक पार्टिप्यालेस कोटेश्वर एसोएस
समयः ठिक दिउँसो २ बजे
सम्पर्क नम्बरः ०१–४६१२०९६

सञ्चालक समितिको आज्ञाले
हरि खतिवडा
सचिव।

सुन्दरहरैँचा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल
सूचना प्रकाशित मितिः २०८३/०५/२५

श्री सुचिकृत सम्पूर्ण फर्म तथा आपूर्तिकर्ताहरु।

लागत अनुमानको तयारी प्रयोजनार्थ मुल्य (दररेट) पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा आ.व. २०८३/०८४ मा यस सुन्दरहरैँचा नगरपालिकामा विभिन्न सूचना प्रविधि उपकरण जडान गर्नका लागि अनुमानित लागत मुल्य तयार गर्न स्थानिय बजार दररेट आवश्यक भएकाले बजार मुल्यमा फरक नपर्ने गरी सम्पूर्ण सूचिकृत वा सूचिकृत भई सेवा दिन चाहने फर्म वा आपूर्तिकर्ताहरुले www.sundarharaichamun.gov.np मा राखिएको स्पेशिफिकेसन अनुसारको सामाग्रीहरुको मु.अ.कर बाहेक प्रति इकाई दररेट आजका मितिले ५ दिन भित्र कार्यालयमा उपस्थित भएर वा इमेल मार्फत info@sundarharaichamun.gov.np मा उपलब्ध गराइदिनु हुन अनुरोध छ।

थप जानकारी तथा अन्य विवरण www.sundarharaichamun.gov.np बाट लिनहुन।

एनएमबि बैंक लिमिटेड,

बबरमहल, काठमाडौं फोन नः ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८३/०५/२५

यस बैंकका निक्षेपकर्ता श्री गगन बहादुर गुरुङको छोरी, श्री ऐवाने गुरुङको पत्नी, दैलेख जिल्ला, सल्लेरी गा.वि.स. वडा नं. ४ घर भई हाल दैलेख जिल्ला, नौमुले गाउंपालिका वडा नं. ६ बस्ने वर्ष ८१ को श्री **बनसरा गुरुङ** (ना.प्र.नं. ८२८९१/८२५, जारी मिति २०५०-०६-०६, जारी जिल्ला दैलेख) को मिति २०८२/०५/२० गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकम उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री सन्त बहादुर गुरुङले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा श्री सन्त बहादुर गुरुङको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

खोटाङ जिल्ला अदालत

दिक्तेल, खोटाङ
निवेदन दर्ता नं.०८३-०१-०००१ (मृत्युको न्यायिक घोषणा)

श्री खोटाङ जिल्ला अदालतबाट जारी भएको २१ दिने सूचना

उप्रान्त निवेदक जिल्ला खोटाङ, साविक मात्तिम गाविस वडा नं. ७ हाल साकेला गाउँपालिका वडा नं. ५ मात्तिम बस्ने प्रेम बहादुर राईको छोरा धर्मराज राई भारतीय सेनामा कार्यरत रहनुभएको करिब ९ बर्षको सेवाअवधि पश्चात मिति २०५५ साल असोज महिना ०३ गतेदेखि पारिवारिक सम्पर्क विहिन भई बेपत्ता हुनु भएको हुँदा मुलुकी देवानी संहिता २०७४ को दफा ४०(४) बमोजिम मृत्युको न्यायिक घोषणा गरी पाउँ भनी दिएको निवेदन उपर भएको आदेशानुसार तपाईंका नाममा यो सूचना म्याद जारी गरिएको छ। धर्मराज राईको मृत्युको न्यायिक घोषणा हुनुपर्ने हो, होईन ? हुनु नपर्ने भए सम्बन्धित सरोकारवाला व्यक्तिले आधार/कारण सहित २१ (एक्काइस) दिनभित्र यस अदालतमा निवेदन गर्नु होला अन्यथा कानुन बमोजिम हुनेछ।

ईति संवत् २०८३ साल भदौ २४ गते रोज ४ शुभम्.....।

डिभिजन वन कार्यालय कैलालीको काठ दाउरा लिलाम विक्री सम्वन्धि सुचना

सौर्य राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति : २०८३।५। २५

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत वेवारिसे अवस्थामा फेला परेका काठ स.डि.व.का. मसुरिया को घाटगद्दीमा रहेको खयर गोलिया काठ १२३।२३ क्यु. फिट र जामुन गोलिया काठ ३४३।३ क्यु. फिट लिलाम विक्री गर्नु पर्ने भएको हुदा उक्त काठ दाउरा के जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले खयर प्रजाति वाहेकको गोलिया काठको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका कत्था उद्योगहरुले मात्र यो सुचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र श्री वन निर्देशनालय, सुदुरपश्चिम प्रदेश धनगढी, कैलाली वा यस कार्यालयवाट वोलपत्र खरिद गरि शिलवन्दी वोलपत्र २२(वाईसौ) दिनमा दिनको ३:०० वजेभित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सुचना आव्हान गरिन्छ। यस सम्वन्धि विस्तृत विवरण सहितको जानकारीको सुचना यस कार्यालय तथा सम्वन्धित अन्य कार्यालयको सुचना वोर्डमा टांस गरिएको व्यहोरा समेत सुचित गरिन्छ।

लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/२४ मा प्रा.लि.नं.२०६२१९ दर्ता भएको **भरोसा केयर प्रा. लि.** प्रा.लि.को मिति २०८३/०५/२४ मा सम्पन्न विषेश साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटरः शेर बहादुर रोकाया (इजाजत पत्र नं. २८७)
सम्पर्क : ९८५११६३७२३

Government of Nepal
Ministry of Infrastructure Development
Department of Roads
Federal Road Supervision and Monitoring Office, Itahari
Road Division Harkapur
Okhaldhunga

Invitation for Bids

Bid Notice No.: 03-RDHKR/2083/84
Date of Publication: 2083/05/25 (Sept. 10, 2026)

The bid notice no. 02-RDHKR/2083/84 published by this Division through the PPMO e-GP System on 2083/04/31 has been cancelled due to technical issues encountered in the PPMO's e-GP system and the latest amendment in the standard bidding documents. This notice is hereby published for the information to all concerned incorporating the necessary details as set forth below.

1. Road Division Harkapur invites Sealed Bids (Hard Copy) (Single Stage Single and Double Envelope Electronic Bids) from eligible bidders for construction of following works under National Competitive Bidding procedures:

S.N.	Contract Identification No.	Description of Works	Estimated Amount excluding VAT, NRs.	Bid Document Fee, NRs.	Bid Security Amount NRs.
1	RDHKR/33701181/ 2083/84-06	Earthwork Cutting and Structural Works on Ghurmi - Chatra Road (Ambote Section), Udayapur	-	5000	6,00,000
2	RDHKR/33701138/ 2083/84-07	Highway Improvement Works on Mid Hill Highway (Halesi - Diktel) Road Section, Khotang	-	5000	6,00,000
3	RDHKR/33701138/ 2083/84-08	Roadway Excavation and Structural Works on Diktel-Solu-Junbesi-Khahare-Jiri Bajar-Tamakoshi-Charikot-Khadichaur Road [NH23], (Jalpa-Rawakhola Section), Khotang	-	5000	5,00,000
4	RDHKR/33701138/ 2083/84-09	Highway Improvement Works on Mid Hill Highway (Diktel-Chakhewa) Road Section, Khotang	-	5000	7,00,000
5	RDHKR/33701138/ 2083/84-10	Construction of Slab Culvert, Structures on Dhap-Salleri-Phaplu Road Section of Siddhicharan Rajmarg [NH20], Solukhumbu	1,70,00,486.05	3000	4,00,000
6	RDHKR/33701138/ 2083/84-11	Drain Maintenance works on Deurali - Dhap - Baghkhor - Belidanda -Tingla Road Section of Siddhicharan Rajmarg [NH20], Solukhumbu	86,20,424.32	3000	2,00,000
7	RDHKR/33701189/ 2083/84-12	Road Slope Stability Work on Hilepani-Okhaldhunga Road, NH20, Okhaldhunga	1,04,93,318.30	3000	2,50,000
8	RDHKR/33701136/ 2083/84-13	Traffic Safety (Crash Barrier, Cats eye, Delineator post) works on Dhap-Salleri-Phaplu Road Section of Siddhicharan Rajmarg [NH20], Solukhumbu	1,70,85,070.40	3000	4,00,000
9	RDHKR/33701136/ 2083/84-14	Traffic Safety (Crash Barrier, Delineator Post & Structural) Works on Harkapur -Hilepani-Okhaldhunga- Dhap (Siddhicharan Rajmarg NH20), Okhaldhunga	1,70,91,845.64	3000	4,00,000
10	RDHKR/33701193/ 2083/84-15	Road Upgrading (Pavement Soling, Pipe Culvert, Structures, Earthwork) works on Nunthala-Juving-Kharikhola Section of Salleri-Lukla-Everest Basecamp Road, Solukhumbu	-	5000	10,00,000

2. Date of Pre-bid Meeting, Submission Deadline and Bid Opening:

Pre-bid meeting	Last date of Bid Submission	Date of Bid Opening
2083/06/07 (Sept. 23, 2026) Time: 13:00 PM	**2083/06/15 (Oct. 01, 2026) Time: 12:00 PM**	**2083/06/15 (Oct. 01, 2026) Time: 1:00 PM**

Information to deposit the cost of the bidding document		Information to deposit the cost of the bid security	
Name of Bank	Rastriya Banijya Bank, Okhaldhunga	Name of Bank	Rastriya Banijya Bank, Okhaldhunga
Name of Office	Road Division Harkapur	Name of Office	District Treasury Controller's Office, Okhaldhunga
Office Code No.	337-011-001		
Office Revenue Account No.	1000100200010000	Office code No.	337-011-001
Revenue Head No.	14229	Deposit Account No.	2070100102030000

3. Bid validity period and bid security validity period for all above contracts shall be 90 days and 120 days respectively.
4. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
5. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road Division Harkapur, Okhaldhunga (droharkapur@gmail.com)
6. A complete set of Bidding Documents (hard copy) may be purchased from Road Division Harkapur, Okhaldhunga by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee as specified above till 2083/06/14 during office hours in the account as specified above. Eligible Bidders may also download the Bidding Documents from the website of Road Division Harkapur www.dor.gov.np/harkapur
7. Sealed bids (hard copy) must be submitted to Road Division Harkapur, Okhaldhunga on or before 12:00 Hrs. on 2083/06/15. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 Hrs. on 2083/06/15 at the office of Road Division Harkapur, Okhaldhunga.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
10. Road Division, Harkapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reasons whatsoever.

Division Chief